# थलारा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खोली, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

प .सं. २०८१/०८२
च.नं ६१३

मिति २०८१।१०।०९
ने.स. ११४५, पोहेगाला ८

**विषयः सरकारी सवारी साधनको व्यवस्थापन सम्बन्धमा ।**

श्री जनप्रतिनिधी तथा कर्मचारीहरू (सबै)
थलारा गाउँपालिका, बझाङ।

सरकारी सम्पत्तिको अभिलेख व्यवस्थापनका लागि सबै तहका सरकारी कार्यालयमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V2) लागु भएको अवगत नै छ। सो सन्दर्भमा यस थलारा गाउँपालिकाको नाममा रहेका सरकारी सवारी साधनहरुको अभिलेखलाई PAMS को नयाँ Version मा अद्यावधिक गरी सवारी साधन सञ्चालन तथा प्रयोगलाई थप व्यवस्थित बनाउन देहाय बमोजिम गर्न गराउन हुन सम्पूर्ण सरकारी सवारी साधन प्रयोगकर्ता पदाधिकारी तथा कर्मचारीहरुमा हार्दिक अनुरोध गर्दछु।

१. थलारा गाउँपालिकाको नाममा दर्ता रहेका सबै सवारी साधनहरू १ हप्ता भित्र स्टोरमा फिर्ता गरी आफ्नो सवारी चालक अनुमतिपत्रको प्रतिलिपी, कर्मचारी परिचयपत्रको प्रतिलिपी, माग फाराम स्टोरमा पेश गरी भर्पाई गरेर मात्र सरकारी कामकाजका लागि सवारी साधनको प्रयोग गर्न लैजान हुन।

२. आफुले स्टोरबाट बुझेको सवारी साधन चालक अनुमति पत्र प्राप्त सार्वजनिक पदाधिकारीलाई कार्यालयको कामकाजमा बाहेक अन्य व्यक्ति वा प्रयोजनका लागि प्रयोग गर्न नदिन हुन।

३. सवारी साधन चलाउँदा अनिवार्य रूपमा हेलमेटको प्रयोग गर्ने, चालक अनुमति पत्र साथमा राख्ने लगायत ट्राफिक नियमको अनिवार्य पालन गर्नु हुन।

४. गाउँपालिका क्षेत्र बाहिर सवारी साधन प्रयोग गर्नुपर्ने अवस्थामा प्रयोजन खुलाई स्वीकृति लिएर मात्र लैजान हुन।

५. सवारी साधन सञ्चालनको लगबुक नियमित रूपमा भर्ने र लगबुक रुजु गराएर मात्र इन्धनको माग गर्नुहुन।

६. मर्मत गर्नुपरेमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ र प्रचलित खरिद सम्बन्धी कानून अनुसार पूर्वस्वीकृति लिएर मर्मत सम्भार गर्नु गराउनहुन।

...................
(प्रयागराज पाध्या)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री जिल्ला प्रशासन कार्यालय, चैनपुर, बझाङः **नियम विपरित यस गाउँपालिकाको सवारी साधन चलाएको पाइएमा कडाईका साथ कार्बाही गर्ने सम्बन्धमा आवश्यक निर्देशन गरिदिन हुन अनुरोध छ।**

वेबसाइटः www.thalaramun.gov.np ईमेलः thalaramun@gmail.com, info@thalaramun.gov.np
अडियो सूचनाः ६१८०७०७९२२५४ टोल फ्रि नं.: १८१०५०००१६, सम्पर्कः ९८५८४८६८६९